| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रस्तावना**<br>देश बिकासको आधारशिला निर्माण गर्ने पुनित कार्यमा ईन्जिनियर समुदायको गहन र महत्वपुर्ण भूमिकालाई यथार्थतामा रुपान्तरण गर्न लोकतान्त्रिक व्यवस्थाको पुनरागमन संगै नयाँ समृद्द नेपाल निर्माण गर्न सामाजिक अभियन्ता (Social Engineer) को रुपमा कार्य गर्न यस समुदायको कांधमा पनि जिम्मेवारी आइपरेको छ \| समुहगत रुपमा गरिने सकारात्मक प्रयासहरुले मात्रै यो चाहनालाई मूर्त रुप दिन सकिन्छ भन्ने अभिप्रायले आफ्नो शीप, क्षमता एवं दक्षतालाई सम्वृद्ध नेपाल निर्माणमा प्रयोग गर्ने सामुहिक प्रयासका रुपमा देशमा छरिएर रहेका इन्जिनियरहरुलाई एकताबद्ध एवं एउटा छातामुनी गोलवद्ध गरी लोकतान्त्रिक इन्जिनियरहरुको संस्था रहने गरी "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" नामांकृत गैर सरकारी संस्था, संस्था दर्ता ऐन २०३४ बमोजिम स्थापना र संचालन गर्नका लागि यो बिधान तयार गरिएको छ \| | **प्रस्तावना**<br>देश बिकासको आधारशिला निर्माण गर्ने पुनित कार्यमा ईन्जिनियर समुदायको गहन र महत्वपुर्ण भूमिकालाई यथार्थतामा रुपान्तरण गर्न लोकतान्त्रिक व्यवस्थाको पुनरागमन संगै नयाँ समृद्द नेपाल निर्माण गर्न सामाजिक अभियन्ता (Social Engineer) को रुपमा कार्य गर्न यस समुदायको कांधमा पनि जिम्मेवारी आइपरेको छ \| समुहगत रुपमा गरिने सकारात्मक प्रयासहरुले मात्रै यो चाहनालाई मूर्त रुप दिन सकिन्छ भन्ने अभिप्रायले आफ्नो शीप, क्षमता एवं दक्षतालाई सम्वृद्ध नेपाल निर्माणमा प्रयोग गर्ने सामुहिक प्रयासका रुपमा देशमा छरिएर रहेका इन्जिनियरहरुलाई एकताबद्ध एवं एउटा छातामुनी गोलवद्ध गरी लोकतान्त्रिक इन्जिनियरहरुको संस्था रहने गरी **❖समाबेशीताको मर्मलाई आत्मसाथ गर्दै ❖** "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" नामांकृत **❖मुनाफा रहित सामाजिक प्रकृतीको ❖** गैर सरकारी संस्था, संस्था दर्ता ऐन २०३४ बमोजिम स्थापना र संचालन गर्नका लागि यो बिधान तयार गरिएको छ \| | नेपालको संबिधान २०७२ ले समावेशितालाई आत्मसाथ गरेकाले |
| परिच्छेद-१(एक) दफा १ संस्थाको नाम<br>क) संस्थाको रजिस्टर्ड कार्यालय रहने ठेगाना: यस "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपालको" मुख्य कार्यालय जिल्ला काठमाडौँ क.म.न.पा. वडा नं ११ मा रहने छ। आवस्यकता अनुसार सम्बन्धित ☞ *निकायको* ☜ स्वीकृति लिई नेपाल भित्र अन्य स्थानमा पनि शाखा तथा उप-शाखा कार्यालय खोल्न सकिनेछ<br>ख) प्रारम्भ: यो बिधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मिति देखि लागु हुनेछ। | परिच्छेद-१(एक) दफा १ संस्थाको नाम<br>क) संस्थाको रजिस्टर्ड कार्यालय रहने ठेगाना: यस "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपालको" मुख्य कार्यालय जिल्ला काठमाडौँ क.म.न.पा. वडा नं ११ मा रहने छ। आवस्यकता अनुसार सम्बन्धित स्थानीय **❖अधिकारीको ❖** स्वीकृति लिई नेपाल भित्र अन्य स्थानमा पनि शाखा तथा उप-शाखा कार्यालय खोल्न सकिनेछ<br>**❖ ख) नेपाल सरकारले तोकेको प्रदेश राजधानीमा प्रदेश सरकारको अनुमति तथा स्थानीय अधिकारीको स्वीकृति लिई प्रदेश समिति गठन गरिनेछ। साथै स्थानीय केन्द्रको हकमा सम्बन्धित प्रदेश समिति मातहत** | संघिय संरचना अनुसार लैजानु पर्ने भएकोले |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | **रहने गरी स्थानीय अधिकारीको स्वीकृतिमा स्थानीय केन्द्र स्थापना गरिनेछ।** ❖<br>ग) प्रारम्भ: यो बिधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मिति देखि लागु हुनेछ। | |
| परिच्छेद १ दफा २: परिभाषा<br>क) "सँस्था" भन्नाले "सेसेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" लाई जनाउने छ।<br>ख) "बिधान" भन्नाले यस सँस्थाको बिधान "सेन्टर फर डेमोक्रेटिक इन्जिनीयर्स नेपाल २०६५" लाई जनाउने छ।<br>ग) "समिति" भन्नाले यसै बिधान बमोजिम गठन हुने कार्यसमिति र संस्थाबाट गठित अन्य उप-समितिहरु समेतलाई जनाउने छ।<br>घ) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउने छ।<br>ङ) "नियम विनियम" भन्नाले यस बिधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउने छ।<br>च) "पदाधिकारी" भन्नाले यस सँस्थाका पदाधिकारीहरुलाई जनाउने छ।<br>छ) "अध्यक्ष, उपाध्यक्ष, महासचिब, उपमहासचिब, कोषध्यक्ष र सदस्य" भन्नाले यस सँस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिब, उपमहासचिब, कोषध्यक्ष र सदस्यहरु लाई जनाउने छ। | परिच्छेद १ दफा २: परिभाषा<br>क) "सँस्था" भन्नाले "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" लाई जनाउने छ।<br>ख) "बिधान" भन्नाले यस सँस्थाको बिधान "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" लाई जनाउने छ।<br>ग) "समिति" भन्नाले यसै बिधान बमोजिम गठन हुने कार्यसमिति र संस्थाबाट गठित अन्य उप-समितिहरु समेतलाई जनाउने छ।<br>घ) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउने छ।<br>ङ) "नियम विनियम" भन्नाले यस बिधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउने छ।<br>च) "पदाधिकारी" भन्नाले यस सँस्थाका पदाधिकारीहरुलाई जनाउने छ।<br>छ) "अध्यक्ष, उपाध्यक्ष, महासचिब, उपमहासचिब, कोषध्यक्ष, सभापति, उपसभापति, सचिब, सह-सचिब र सदस्य" भन्नाले यस संस्थाका केन्द्रीय कार्यसमिति तथा प्रदेश तथा स्थानीय समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिब, उपमहासचिब, कोषध्यक्ष, सभापति, उपसभापति, सचिब, सह-सचिब र सदस्यहरु लाई जनाउने छ। | संघिय संरचना अनुसार परिभाषित गरिएको। |

☞ *हटाईएको व्यवस्था*



❖ *थप गरिएको व्यवस्था*

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| ज) "संस्थापक सदस्य" भन्नाले यस संस्थाको प्रस्तावित विधानको अनुसूची १ मा संलग्न भएका संस्था दर्ता गर्न सहयोग गर्ने व्यक्तिलाई जनाउने छ ।<br>झ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ।<br>ञ) "तोकिए बमोजिम" भन्नाले यस बिद्गन अन्तर्गत बन्ने नियम, विनियममा तोकिए बमोजिम हुनेछ।<br>ट) "सभा" भन्नाले यस विधानमा तोकिएको प्रक्रिया अपनाई बोलाइएको बिशेष वा साधारण सभालाई जनाउने छ। | ज) "संस्थापक सदस्य" भन्नाले यस संस्थाको प्रस्तावित विधानको अनुसूची १ मा संलग्न भएका संस्था दर्ता गर्न सहयोग गर्ने व्यक्तिलाई जनाउनेछ ।<br>झ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ।<br>ञ) "तोकिए बमोजिम" भन्नाले यस बिद्गन अन्तर्गत बन्ने नियम, विनियममा तोकिए बमोजिम हुनेछ।<br>ट) "सभा" भन्नाले यस विधानमा तोकिएको प्रक्रिया अपनाई बोलाइएको बिशेष वा साधारण सभालाई जनाउने छ।<br>ठ) ❖ **"कार्य समिति" वा "केन्द्रीय कार्यसमिति" भन्नाले बिधान बमोजिम गठन हुने केन्द्रीय कार्यसमितिलाई जनाउने छ ।**<br>ड) **"प्रदेश सभा" भन्नाले सम्बन्धित प्रदेशभित्र कार्यरत यस संस्थाका सदस्यहरु सम्मिलित सभालाई जनाउने छ।**<br>ढ) **"प्रदेश समिति" भन्नाले नेपालका सबै प्रदेश स्थित यस संस्थाका समितिलाई जनाउने छ।**<br>ण) **"स्थानीय केन्द्र" भन्नाले देशका एक वा एक भन्दा बढि स्थानीय तहमा रहेका यस संस्थाको केन्द्रलाई जनाउनेछ।**<br>त) **"स्थानीय सभा" भन्नाले सम्बन्धित स्थानीय केन्द्र भित्र कार्यरत यस संस्थाका सदस्यहरु सम्मिलित सभालाई जनाउने छ।**<br>थ) **"स्थानीय समिति" भन्नाले यस संस्थाको स्थानीय केन्द्रको समितिलाई जनाउनेछ।** ❖ | |
| परिच्छेद ३ दफा ८: सदस्यको योग्यता<br>क) ☞१६☜ वर्ष उमेर पुगेको हुनुपर्ने छ।<br>ख) नेपाली नागरिक हुनुपर्ने छ।<br>ग) अन्य संस्थाको रकम हिनामिना नगरेको । | परिच्छेद ३ दफा ८: सदस्यको योग्यता<br>क) ❖१८❖ वर्ष उमेर पुगेको हुनुपर्ने छ।<br>ख) नेपाली नागरिक हुनुपर्ने छ।<br>ग) अन्य संस्थाको रकम हिनामिना नगरेको ।<br>घ) नैतिक पतन देखिने अभियोगमा अदालतद्वारा दोषी प्रमाणित नभएको । | ईन्जिनियर भन्नाले आर्किटेक्ट समेतलाई बुझाउने हुनाले |

☞ हटाईएको व्यवस्था



❖ थप गरिएको व्यवस्था

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| घ) नैतिक पतन देखिने अभियोगमा अदालतद्वारा दोषी प्रमाणित नभएको ।<br>ङ) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा इन्जिनीयरिंग बिषयमा स्नातक वा सो भन्दा माथिको डिग्री लिई नेपाल इन्जिनीयर्स एशोसियसनको सदस्य भएका व्यक्ति यस संस्थाको सदस्य हुन योग्य हुनेछ ।<br>च) ☞ *कार्य समितिको सदस्य हुनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा इन्जिनीयरिंग बिषयमा स्नातक वा सो भन्दा माथिको डिग्री प्राप्त गरि कम्तिमा ५ बर्षको अनुभव प्राप्त गरि कम्तिमा २ बर्ष देखि यस संस्थामा अनिबार्य रुपमा आबद्ध भएको हुनुपर्ने छ। तर पहिलो कार्य समिति गठनका लागि २ बर्षको कार्यअवधि भने लागु हुने छैन ।* ☜<br>छ) योग्यता पुगेको व्यक्तिलाई सदस्यता दिने सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार समितिमा निहित रहने छ। | ङ) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनीयरिंग ❖ **वा आर्किटेक्ट** ❖ बिषयमा कम्तिमा स्नातक वा सो भन्दा माथिको डिग्री लिई नेपाल इन्जिनियर्स एशोसियसनको सदस्य भएका व्यक्ति यस संस्थाको सदस्य हुन योग्य हुनेछ ।<br>च) योग्यता पुगेको व्यक्तिलाई सदस्यता दिने सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार ❖**केन्द्रीय कार्य** ❖समितिमा निहित रहनेछ। | |
| ☞ *परिच्छेद ३ दफा ९: देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यतामा बहाल रहने छैन ।*<br>*क) दफा ८ बमोजिम सदस्यता लिन नसक्ने भएमा ।*<br>*ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।*<br>*ग) साधारण सभाबाट २/३ को बहुमतले संस्थाको सदस्यपदबाट हटाउने प्रस्ताब पास गरेमा ।*<br>*घ) निजको मृत्यु भएमा ।*<br>*ङ) संस्थाको कामकारबाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।* | ❖**परिच्छेद ३ दफा ९: सदस्यताको बन्देज, खारेजी वा समाप्ति**<br>**क) सदस्यताबाट दिईएको राजीनामा केन्द्रीय कार्यसमितिबाट स्वीकृत भएमा ।**<br>**ख) सदस्यको निधन भएमा, मानसिक असन्तुलन भएमा वा तोकिएको योग्यता कायम नरहेमा ।**<br>**ग) साधारण सभाले संस्थाको सदस्यपदबाट हटाउने प्रस्ताब पास गरेमा ।**<br>**घ) तोकिएको बार्षिक शुल्क लगातार १ बर्षभन्दा बढी समयसम्म नतिर्ने वा संस्थालाई बुझाउनुपर्ने अन्य कुनै रकम निर्धारित समयमा नबुझाउने सदस्यलाई केन्द्रीय कार्यसमितिले रकम नबुझाउन्जेल** | समयानुकुल सदस्यता सम्बन्धि ब्यबस्थामा संसोधन गर्नुपर्ने भएकोले |

☞ हटाईएको व्यवस्था



❖ *थप गरिएको व्यवस्था*

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| च) *यस बिधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा माथि संस्थाले निजलाई सो कुरालाई सूचना दिई सफाईको सबुत पेश गर्ने मौका दिनुपर्नेछ\|* ☜ | **सम्मका लागि मताधिकार लगायत सबै किसिमका अधिकार सहुलियतहरुबाट बञ्चित गर्न सक्नेछ। तर त्यस्ता सदस्यहरुले उक्त रकम बुझाएपछि यो उपदफाको बन्देज स्वत: समाप्त हुनेछ।**<br>ङ) **सदस्यले विधान वा यस अन्तर्गत बनेका नियम उपनियम उल्लंघन गरेमा अथवा आफ्नो समुदायको हित विरुद्ध कार्य गरेमा अथवा तोकिएको आचारसंहिता उल्लंघन गरेमा निजलाई केन्द्रीय कार्यसमितिको तत्काल कायम रहेको सदस्य शंख्याको दुई तिहाई बहुमतको निर्णयले सदस्यता निलम्बन गर्न सकिनेछ। त्यसरी निलम्बन गर्दा सम्बन्धित सदस्यलाई आफ्नो निर्दोषिता प्रमाणित गर्न आफ्नो प्रतिरक्षा गर्न पाउने अधिकारबाट बञ्चित गरिने छैन। केन्द्रीय कार्यसमितिको निष्काशनको निर्णय माथि चित्त नबुझ्ने सम्बन्धित व्यक्तिले आगामी साधारण सभा वा बिशेष साधारण सभामा पुनरावेदन गर्न सक्नेछ। तर यस्तो निर्णय उपर पुनरावेदन गर्न पाइने साधारणसभा बस्नु वीचको अवधीभर यस्तो निष्काशित व्यक्ति संस्थाको सदस्यताको हैसियतबाट प्राप्त सबै अधिकार र सुविधाबाट बञ्चित रहनेछ।** ❖ | |
| परिच्छेद ३ दफा १० सदस्यताको प्रकार<br>क) संस्थापक सदस्य: विधानको अनुसूचीमा संलग्न *साधारण* सदस्यहरु यस संस्थाका संस्थापक सदस्य मानिने छन्\| यस्ता सदस्यले सदस्यता बापत रु.२,०००/-(दुई हजार मात्र) शुल्क भुक्तानी गर्नुपर्ने छ\|<br>ख) साधारण सदस्य: यस विधान बमोजिम संस्थाको सदस्यता लिनका लागि ☞ *मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ विषयमा स्नातक वा सो भन्दा माथिको डिग्री प्राप्त गरी नेपाल इन्जिनियर्स एशोसियसनको सदस्य प्राप्त* | परिच्छेद ३ दफा १० सदस्यताको प्रकार<br>क) संस्थापक सदस्य: विधानको अनुसूची १ मा संलग्न सदस्यहरु यस संस्थाका संस्थापक सदस्य मानिने छन्\| यस्ता सदस्यले संस्था दर्ता गर्दाका बखत सदस्यता बापत रु.२,०००/-(दुई हजार मात्र) शुल्क भुक्तानी गर्नुपर्ने छ\|<br>**ख) ❖ आजीवन सदस्य: यस विधान बमोजिम संस्थाको आजीवन सदस्यता लिनका लागि परिच्छेद ३ दफा ८ बमोजिमको योग्यता पुगेका व्यक्तिले केन्द्रीय कार्यसमितिले तोकेबमोजिमको सदस्यता शुल्क बुझाई तोकिएको ढांचामा निबेदन दिई संस्थाको आजीवन** | समयानुकुल सदस्यता सम्बन्धि ब्यबस्थामा संसोधन गर्नुपर्ने भएकोले |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| *गरेको व्यक्तीलाई प्रवेश शुल्क वापत रु. ३००÷– (तिन सय) रुपैया लिई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यले वार्षिक नविकरण दस्तुर रु २००÷– (दुई सय) तिर्नुपर्नेछ । साधारण सदस्यता प्रत्येक वर्षको आषाढ मसान्तसम्म नविकरण गराई सक्नु पर्नेछ । सदस्यता दिने वा नदिने अधिकार कार्य समितिमा निहित रहनेछ ।* ☜ | **सदस्यता प्राप्त गर्न सक्नेछन । आजीवन सदस्यले आफ्नो सदस्यता नबिकरण गर्नु पर्ने छैन ।** ❖<br>ग) साधारण सदस्य: यस विधान बमोजिम संस्थाको साधारण सदस्यता लिनका लागि **❖परिच्छेद ३ दफा ८ बमोजिमको योग्यता पुगेका व्यक्तिले केन्द्रीय कार्यसमितिले तोकेबमोजिमको सदस्यता शुल्क बुझाई तोकिएको ढांचामा निबेदन दिई संस्थाको साधारण सदस्यता प्राप्त गर्न सक्नेछन । साधारण सदस्यता प्रत्येक बर्षको आषाढ मसान्तसम्म नविकरण गराई सक्नु पर्नेछ ।** ❖ | |
| ☞ *परिच्छेद ३ दफा ११: संस्थाको सदस्य हुन वा बहाल रहन नसक्ने अवस्था*<br>*क) १६ बर्ष उमेर नपुगेको ।*<br>*ख) गैर नेपाली नागरिक ।*<br>*ग) मृत्यु भएमा वा मानसिक सन्तुलन ठिक नभएमा ।*<br>*घ) कुनै सामाजिक संघ संस्थाको रकम हिनामिना गरेमा । नैतिक पतन देखिने अभियोगमा अदालत द्वारा दोषी प्रमाणित भएमा ।* ☜ | *हटाईएको* | परिच्छेद ३ दफा ९: मा यस सम्बन्धि व्यवस्था राखिएको ले |
| ☞*साबिकमा व्यवस्था नभएको* ☜ | **❖ परिच्छेद ३ दफा ११ सदस्यको कर्तव्य र अधिकार:**<br>**क) कर्तब्य: संस्थाको सबै सदस्यले देहायमा लेखिएका कर्तब्यहरु पालना गर्नुपर्ने छ।**<br>**अ) संस्थाको हित र मर्यादा कायम राख्न सदा तत्पर रहने ।**<br>**आ) आ–आफ्नो पेशा अन्तर्गत रही संस्थालाई अहित हुने कुनैपनि कार्य नगर्ने।**<br>**इ) संस्थालाई बुझाउनुपर्ने शुल्कहरु समयमा बुझाउने ।**<br>**ई) संस्थाको मातहत वा सहयोगमा हुने कुनैपनि क्रियाकलापका आयोजनामा सक्दो सहयोग गर्ने ।** | समयानुकुल सदस्यता सम्बन्धि ब्यबस्थामा थप परिभाषित गर्नुपर्ने भएकोले |

☞ *हटाईएको व्यवस्था*



❖ *थप गरिएको व्यवस्था*

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | उ) कुनै सदस्यको कर्तव्य तथा अधिकारमा वाधा र हानी नोक्सानी नगरि संस्थाको उद्देश्य प्राप्ति तथा कृयाकलापमा, सक्रिय रुपले भाग लिने ।<br>ऊ) आफ्नो ठेगाना परिवर्तन भएमा वा गर्न चाहेमा यथाशिघ्र संस्थालाई सूचना दिने ।<br>ऋ) तोकिएको आचार संहिता पालना गर्ने ।<br>ख) अधिकार: देहायमा लेखिएका कुरा विधानको दफा ९ (घ) बमोजिमको अवस्था नरहेका सदस्यका सास्वत अधिकार हुनेछन् ।<br>अ) सबै प्रकारका सदस्यहरुले संस्थाको साधारण सभा, विशेष साधारण सभा र राष्ट्रिय सम्मेलनहरुमा भाग लिन पाउने छन् र यस्ता सभाहरुमा कुनैपनि निर्णयका लागि योग्य हुनेछन् ।<br>आ) सबै प्रकारका सदस्यहरुले संस्थाको आयोजनामा भएको वादविवाद, व्याख्यान, सम्मेलन, सभा, गोष्ठी, मनोरञ्जन साथै अन्य कार्यक्रमहरुमा समान रुपले भाग लिन पाउने छन् ।<br>इ) सबै प्रकारका सदस्यहरुले यस विधान अन्तर्गत बनेको नियम उपनियमहरुले दिएको अन्य सुविधाहरु समान रुपले उपभोग गर्न पाउने छन् । ❖ | |
| ☞ *परिच्छेद ३ दफा १२: सदस्यताको समाप्ति*<br>*क) नेपाली नागरिकता परित्याग गरेमा ।*<br>*ख) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।*<br>*ग) राजिनामा दिई सदस्यता परित्याग गरेमा ।*<br>*घ) समयमानै सदस्यता नवीकरण नगराएमा ।*<br>*ङ) विधान बमोजिमको योग्यता नरहेमा ।*<br>*च) मृत्यु भएमा ।*<br>*छ) निज उपर लगाईएको अविश्वासको प्रस्ताब पारित भएमा ।* | *हटाईएको* | परिच्छेद ३ दफा ९: मा यस सम्बन्धि व्यवस्था राखिएको ले |

☞ हटईएको व्यवस्था



❖ *थप गरिएको व्यवस्था*

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| ज) संस्था हित बिपरित काम गरेको प्रमाणित भएमा। ☜ | | |
| ☞साबिकमा व्यवस्था नभएको ☜ | ❖ परिच्छेद ४: सभा सम्बन्धि व्यवस्था<br>दफा १२: प्रदेश सभा तथा स्थानीय सभा सम्बन्धि व्यवस्था<br>१) प्रदेश सभा सम्बन्धि व्यवस्था:<br>अ) प्रदेश सभा सामान्यतया वर्षको एकपटक बस्नेछ। यस्तो सभाका लागि सभा हुनुभन्दा घटीमा २१ दिन अगावै प्रदेश समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी प्रदेश सभाका सबै सदस्यलाई सार्वजनिक सूचना दिनु पर्ने छ। सम्बन्धित प्रदेश भित्र कार्यरत यस संस्थाका सदस्यहरु प्रदेश सभाका सदस्य हुने छन।<br>आ) यस्तो सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी घटीमा १५ जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए प्रदेश समितिले सो समेत खुलाई प्रदेश सभामा प्रस्तुत गर्नुपर्नेछ।<br>इ) बिशेष प्रदेश सभा गर्नको लागि प्रदेश समितिले निर्णय गरेमा वा कम्तिमा तत्काल कायम रहेका प्रदेश सभाका १/४ (एक चौथाई) सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको ७ (सात) दिन भित्र १५(पन्ध्र) दिनको सूचना दिई विशेष प्रदेश सभा बोलाउनु पर्नेछ।<br>ई) प्रदेश सभाका लागि सभा बोलाउँदाका समय कायम रहेको आवद्ध सदस्य संख्याको कम्तिमा ५१ प्रतिसत सदस्यहरुको प्रतिनिधित्व हुने गरि सदस्य स्वयं उपस्थित नभई प्रदेश/ बिशेष प्रदेश सभाको कारबाही हुने छैन। तर गणपुरक संख्या नपुगी सभा हुन नसकेको अवस्थामा ७ दिनको सूचना दिई पुन: बोलाइएको सभामा | संघिय संरचना अनुसारको प्राबधान राखिएको। |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | उपस्थित सदस्यहरुको संख्यालाई गणपुरक संख्या पुगेको मनिनेछ ।<br>२) स्थानीय सभा सम्बन्धि व्यवस्था:<br>अ) स्थानीय सभा सामान्यतया वर्षको एक पटक बस्नेछ। यस्तो सभाका लागि सभा हुनु भन्दा घटीमा १५ दिन अगावै स्थानीय समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी स्थानीय सभाका सबै सदस्यलाई सूचना दिनुपर्ने छ। सम्बन्धित प्रदेश अन्तर्गत तोकिएको स्थानीय केन्द्र भित्र कार्यरत संस्थाका सदस्यहरु स्थानीय सभाका सदस्य हुने छन।<br>आ) यस्तो सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी घटीमा ९ जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए स्थानीय समितिले सो समेत खुलाई स्थानीय सभामा प्रस्तुत गर्नुपर्नेछ।<br>इ) बिशेष स्थानीय सभा गर्नको लागि स्थानीय समितिले निर्णय गरेमा वा कम्तिमा तत्काल कायम रहेका स्थानीय सभाका १/४ (एक चौथाई) सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको ७ (सात) दिन भित्र १५(पन्ध्र) दिनको सूचना दिई विशेष स्थानीय सभा बोलाउनु पर्नेछ।<br>ई) स्थानीय सभाका लागि सभा बोलाउँदाका समय कायम रहेको आवद्व सदस्य संख्याको कम्तिमा ५१ प्रतिसत सदस्यहरुको प्रतिनिधित्व हुने गरि सदस्य स्वयं उपस्थित नभई स्थानीय/ बिशेष स्थानीय सभाको कारबाही हुने छैन। तर गणपुरक संख्या नपुगी | |

☞ हटाईएको व्यवस्था



❖ थप गरिएको व्यवस्था

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | **सभा हुन नसकेको अवस्थामा ७ दिनको सूचना दिई पुन: बोलाइएको सभामा उपस्थित सदस्यहरुको संख्यालाई गणपुरक संख्या पुगेको मनिनेछ।** ❖ | |
| परिच्छेद ४ सभा सम्बन्धि व्यवस्था दफा १३: सभा सम्बन्धि व्यवस्था<br>क) साधारण सभा संस्थाको सर्बोच्च अंग हुनेछ ।<br>ख) साधारण सभामा आमन्त्रित सदस्यहरुको मताधिकार हुने छैन ।<br>ग) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ (छ) महिना भित्रमा गरिने छ र त्यस पछिका बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्र गरिने छ।<br>घ) यस संस्थाको बार्षिक गर्नका लागि कम्तिमा २१ दिन अगावै र बिशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सभाहुने स्थान, मिति, र छलफल गर्ने बिषय खोलि सबै सदस्य महानुभाबहरुलाई सूचना दिइनेछ ।<br>ङ) ☞ *संस्थाका कुल सदस्य शंख्याको ५१ प्रतिसत सदस्यहरुको प्रतिनिधित्व हुने गरि सदस्य स्वयं उपस्थित नभई साधारण सभा वा बिशेष साधारण सभाको कारबाही हुने छैन। तर गणपुरक संख्या नपुगी सभा हुन नसकेको अवस्थामा ७ दिनको सूचना दिई पुन: बोलाइएको सभामा* | दफा १३: साधारण सभा सम्बन्धि व्यवस्था<br>क) साधारण सभा संस्थाको सर्बोच्च अंग हुनेछ।<br>ख) साधारण सभामा आमन्त्रित सदस्यहरुको मताधिकार हुनेछैन ।<br>ग) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ (छ) महिना भित्रमा गरिने छ र त्यस पछिका बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्र गरिने छ।<br>घ) यस संस्थाको बार्षिक गर्नका लागि कम्तिमा २१ दिन अगावै र बिशेष साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै सभा हुने स्थान, मिति, र छलफल गर्ने बिषय खोलि सबै सदस्य महानुभाबहरुलाई सूचना दिइनेछ।<br>ङ) **❖यस्तो सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी घटीमा ५१ जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए केन्द्रीय कार्यसमितिले सो समेत खुलाई सभामा प्रस्तुत गर्नुपर्नेछ।**<br>**च) यस बिधानमा अन्य व्यवस्था भएकोमा बाहेक साधारण सभाका लागि साधारण सभा बोलाउँदाका समय संस्थामा कायम रहेको सदस्य संख्याको कम्तिमा ६७ प्रतिसत (दुई तिहाई) सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ। तर गणपुरक संख्या नपुगी सभा हुन नसकेको अवस्थामा त्यसको ठिक ७ दिन पछि** | हालको प्राबधानमा थप स्पस्ट पारिएको। |

☞ *हटईएको व्यवस्था*



❖ *थप गरिएको व्यवस्था*

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
| --- | --- | --- |
| *उपस्थित सदस्यहरुको संख्यालाई गणपुरक संख्या पुगेको मनिनेछ*\|☜<br>च) हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्रमा केन्द्रीय कार्यसमितिले तोकेको मिति, समय र स्थानमा संस्थाको बार्षिक साधारण सभा गरिने छ \|<br>छ) बिशेष साधारण सभा गर्नको लागि *कार्य समितिको* ☞ *बहुमतको निर्णयले* ☜ वा संस्थाका ☞ *१/३ (एक तिहाई) साधारण* ☜ सदस्यहरुले कार्य समिति समक्ष माग गरेमा त्यस्तो निर्णय वा माग भएको मितिले ७ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ, ☞ *बहुमतको निर्णय मान्य हुनेछ ।* ☜ | **तोकिएको स्थान र समयमा पुन: बोलाइएको सभामा ५१ प्रतिसत सदस्य उपस्थित भएमा सभागर्न बाधा पुग्ने छैन दोश्रो पटक पनि गणपुरक संख्याको अभावमा सभा बस्न नसकेको खण्डमा तेश्रो पटकका लागि पुन: ठिक ७ दिन पछि तोकिएको स्थान र समयमा अर्को सभा बोलाइने छ जसमा छलफल गरि निर्णय गर्नु परेमा उक्त सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले पारित हुनेछ** \| ❖<br>छ) हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्रमा केन्द्रीय कार्यसमितिले तोकेको मिति, समय र स्थानमा संस्थाको बार्षिक साधारण सभा गरिने छ \|<br>ज) बिशेष साधारण सभा गर्नको लागि ❖ **केन्द्रीय कार्यसमितिले निर्णय गरेमा** ❖ वा कम्तिमा तत्काल कायम रहेका संस्थाका ❖ **१/४ (एक चौथाई)** ❖ सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको मितिले ७(सात) दिन भित्र ❖**२१(एक्काइस) दिनको सूचना दिई** ❖ विशेष साधारण सभा बोलाउनु पर्नेछ । | |
| परिच्छेद – ४ दफा १४: साधारण सभाको काम, कर्तब्य र अधिकार:<br>क) कार्यसमितिको निर्बाचन गर्ने \|<br>ख) कार्यसमितिका पदाधिकारी एबं सदस्यहरु उपर अबिश्वासको प्रस्ताब ☞ *पारित गरि* ☜ पदमुक्त गर्ने \| | दफा १४: साधारण सभा, प्रदेश सभा तथा स्थानीय सभाको काम,कर्तब्य र अधिकार<br>१. साधारण सभाको काम कर्तब्य र अधिकार<br>क) कार्यसमितिको निर्बाचन गर्ने \| | हालको प्राबधानमा थप स्पस्ट पारिएको तथा संघिय संरचना अनुसारको प्राबधान राखिएको \| |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| ग) विधानका अधिनमा रही आवस्यक नियमावली स्वीकृत गर्ने, दरबन्दी सिर्जना गर्ने, पारिश्रमिक निर्धारण गर्ने \|<br>घ) लेखापरीक्षकबाट बार्षिक लेखापरीक्षण प्रतिबेदन माथि छलफल गरि अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिबेदन देखिएका बेरुजु रकमहरु माथि छलफल गरि नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल गरि फछर्योट गर्नको लागि कर्जा समितिलाई निर्देशन दिने \|<br>ङ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने \|<br>च) लेखापरिक्षक नियुक्त गर्ने \|<br>छ) कार्य समितिलाई आवस्यक निर्देशन दिने \|<br>ज) बिधान बमोजिमका तोकिएका अन्य कार्य गर्ने \|<br>झ) संस्थाको सर्बोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने \| | ख) कार्यसमितिका पदाधिकारी एबं सदस्यहरु उपर अबिश्वासको प्रस्ताब ❖ **आएमा उक्त प्रस्ताब माथि छलफल गरी आवस्यकता अनुसार** ❖ पदमुक्त ❖**सम्मको निर्णय** ❖ गर्ने \|<br>ग) विधानका अधिनमा रही आवस्यक नियमावली स्वीकृत गर्ने, दरबन्दी सिर्जना गर्ने, पारिश्रमिक निर्धारण गर्ने \|<br>घ) लेखापरीक्षकबाट बार्षिक लेखापरीक्षण प्रतिबेदन माथि छलफल गरि अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिबेदन देखिएका बेरुजु रकमहरु माथि छलफल गरि नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल गरि फछर्योट गर्नको लागि कर्जा समितिलाई निर्देशन दिने \|<br>ङ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने \|<br>च) लेखापरिक्षक नियुक्त गर्ने \|<br>छ) कार्य समितिलाई आवस्यक निर्देशन दिने \|<br>ज) बिधान बमोजिमका तोकिएका अन्य कार्य गर्ने \|<br>झ) संस्थाको सर्बोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने \|<br>२. ❖ **प्रदेश सभाको काम कर्तब्य र अधिकार**<br>**क) प्रदेश समितिको निर्बाचनमा मतदान गर्ने \|**<br>**ख) प्रदेश समितिका पदाधिकारी एबं सदस्यहरु उपर अबिश्वासको प्रस्ताब आएमा उक्त प्रस्ताब माथि छलफल गरी आवस्यकता अनुसार पदमुक्त सम्मको निर्णय गर्ने \|**<br>**ग) साधारण सभाले प्रदेशको लागि गरेको निर्णय कार्यान्वयन गर्न प्रदेश समितिलाई आवस्यक निर्देशन दिने \|** | |

☞ हटईएको व्यवस्था



❖ थप गरिएको व्यवस्था

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | घ) विधानका अधिनमा रही प्रदेश समितिको लागि आवस्यक दरबन्दी सिर्जना गर्ने, पारिश्रमिक निर्धारण गर्ने ।<br>ङ) प्रादेशिक बार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।<br>च) प्रदेश समितिलाई आवस्यक निर्देशन दिने ।<br>छ) बिधान बमोजिमका तोकिएका अन्य कार्य गर्ने ।<br>ज) प्रदेशको सर्बोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने ।<br>झ) केन्द्रीय समितिले प्रदेश समितिलाई निलम्बन गरेमा प्रदेश सभाका उपस्थित सदस्यहरु मध्ये जेस्ठ सदस्यको अध्यक्षतामा प्रदेश सभा/बिशेष प्रदेश सभा बैठक बसी निलम्बन फुकुवा वा विघटन गर्ने सम्बन्धि निर्णय गरी केन्द्रीय कार्यसमिति समक्ष लिखित निर्णय पठाउने छ ।<br>३. स्थानीय सभाको काम कर्तब्य र अधिकार<br>क) स्थानीय समितिको निर्बाचनमा मतदान गर्ने ।<br>ख) स्थानीय समितिका पदाधिकारी एवं सदस्यहरु उपर अबिश्वासको प्रस्ताब आएमा उक्त प्रस्ताब माथि छलफल गरी आवस्यकता अनुसार पदमुक्त सम्मको निर्णय गर्ने ।<br>ग) साधारण सभा तथा प्रदेश सभाले स्थानीय समितिको लागि गरेको निर्णय कार्यान्वयन गर्न स्थानीय समितिलाई निर्देशन दिने।<br>घ) विधानका अधिनमा रही स्थानीय समितिको लागि आवस्यक दरबन्दी सिर्जना गर्ने, पारिश्रमिक निर्धारण गर्ने । | |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | ङ) स्थानीय समितिको बार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।<br>च) स्थानिय समितिलाई आवस्यक निर्देशन दिने ।<br>छ) बिधान बमोजिमका तोकिएका अन्य कार्य गर्ने ।<br>ज) स्थानीय समितिको सर्बोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने ।<br>झ) केन्द्रीय कार्यसमिति वा प्रदेश समितिले स्थानीय समितिलाई निलम्बन गरेमा स्थानीय सभाका उपस्थित सदस्यहरु मध्ये जेस्ठ सदस्यको अध्यक्ष्यतामा स्थानीय सभा/बिशेष स्थानीय सभा बैठक बसी निलम्बन फुकुवा वा विघटन गर्ने सम्बन्धि निर्णय गरी प्रदेश समिति समक्ष लिखित निर्णय पठाउने छ । ❖ | |
| ☞ *१५: कार्यसमितिको गठन बिधि*<br>*संस्थाको साधारण सदस्यहरुबाट निर्बाचन प्रक्रियाद्वारा निर्बाचित ११ जना सदस्यहरु मध्येबाट निम्न पदाधिकारीहरुको चयन गरि १ (एक) कार्यसमितिको गठन गरिनेछ । उक्त कार्यसमितिको कार्यकाल २ (दुई) बर्षको हुनेछ । कुनै मनासिब कारण भई निर्बाचन हुन नसकेमा कार्य समितिको निर्णयले ६ (छ) महिना सम्मको लागि कार्यकाल थप गर्न सकिनेछ । संस्था दर्ता भई विधिवत रुपमा प्रथम बार्षिक साधारण सभा नभएसम्मको लागि संस्था दर्ता गर्ने तदर्थ समितिलाई नै यस बिधान अनुसार गठित कार्यसमितिले अधिकार प्राप्त हुनेछ ।*<br>*क) अध्यक्ष – १ (एक)*<br>*ख) उपाध्यक्ष – १ (एक)* | ❖ दफा १५: केन्द्रीय कार्यसमिति, प्रदेश समिति तथा स्थानीय समितिको गठन बिधि<br>१. केन्द्रीय कार्यसमितिको गठन बिधि<br>क) संस्थाको साधारण सदस्यहरु बाट २५ जना निम्न पदाधिकारी सहितको केन्द्रिय कार्यसमिति गठन गरिने छ। केन्द्रीय कार्यसमितिको कार्यकाल २ बर्षको हुनेछ।<br>अ) अध्यक्ष -१<br>आ) उपाध्यक्ष - १<br>इ) महासचिब - १<br>ई) उप-महासचिब -१<br>उ) कोषाध्यक्ष -१<br>ऊ) केन्द्रीय सदस्यहरु: - ७ : संस्थाका प्रदेश सभापतिहरु (पदेन सदस्य) | संघिय संरचना अनुसारको प्राबधान समायोजन गरिएको । |

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| ग) महासचिब - १ (एक)<br>घ) उप महासचिब - १ (एक)<br>ङ) कोषाध्यक्ष – १ (एक)<br>च) सदस्यहरु – ६ (छ)<br>जम्मा – ११ (एघार)<br>कार्य समितिका पदाधिकारी एबं सदस्यहरुको पद कुनै कारणबस रिक्त हुन आएमा पुन: निर्बाचन नहुन्जेलसम्म बाँकि अवधिको लागि योग्यता पुगेका संस्थाका सदस्यहरु मध्येबाट कार्य समितिले मनोनयन गर्नेछ । ☜ | ऋ) केन्द्रीय सदस्यहरु - १३ : निर्बाचित केन्द्रीय सदस्यहरु<br>ख) केन्द्रिय कार्यसिमितिको अध्यक्षले राजिनामा दिनु परेमा उपाध्यक्ष मार्फत र अन्य पधाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत केन्द्रीय कार्यसमितिमा पेश गर्नु पर्ने छ ।<br>ग) केन्द्रीय कार्यसमितिका पदाधिकारी एबं सदस्यहरुको पद कुनै कारणबस रिक्त हुन आएमा पुन: निर्बाचन नहुन्जेलसम्म बाँकि अवधिको लागि योग्यता पुगेका संस्थाका सदस्यहरु मध्येबाट केन्द्रीय कार्यसमितिले मनोनयन गर्नेछ।<br>२. प्रदेश समितिको गठन बिधि<br>क) प्रदेश सभाका सदस्यहरुबाट १५ जना निम्न पदाधिकारी सहितको प्रदेश समिति गठन गरिने छ। प्रदेश समितिको कार्यकाल २ बर्षको हुनेछ।<br>अ) सभापति -१<br>आ) उप सभापति – १<br>इ) सचिब - १<br>ई) सहसचिब - १<br>उ) कोषाध्यक्ष - १<br>ऊ) सदस्य - १०<br>ख) प्रदेश समितिको सभापतिले राजिनामा दिनु परेमा उपसभापति मार्फत र अन्य पधाधिकारी तथा सदस्यले सभापति मार्फत प्रदेश समितिमा पेश गर्नु पर्ने छ ।<br>ग) प्रदेश समितिका पदाधिकारी एबं सदस्यहरुको पद कुनै कारणबस रिक्त हुन आएमा पुन: निर्बाचन नहुन्जेलसम्म बाँकि अवधिको | |

☞ हटईएको व्यवस्था



❖ थप गरिएको व्यवस्था

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| | लागि योग्यता पुगेका संस्थाका सदस्यहरु मध्येबाट प्रदेश समितिले मनोनयन गर्नेछ\|<br>३. स्थानीय समितिको गठन बिधि<br>क) स्थानीय समितिका सदस्यहरु बाट ९ जना निम्न पदाधिकारी सहितको प्रदेश समिति गठन गरिने छ। स्थानीय समितिको कार्यकाल २ बर्षको हुनेछ\|<br>अ) सभापति -१<br>आ) उप सभापति – १<br>इ) सचिब - १<br>ई) कोषाध्यक्ष - १<br>उ) सदस्य - ५<br>ख) स्थानीय समितिको सभापतिले राजिनामा दिनु परेमा उप सभापति मार्फत र अन्य पदाधिकारी तथा सदस्यले सभापति मार्फत स्थानीय समितिमा पेश गर्नु पर्ने छ ।<br>ग) स्थानीय समितिका पदाधिकारी एबं सदस्यहरुको पद कुनै कारणबस रिक्त हुन आएमा पुन: निर्बाचन नहुन्जेलसम्म बाँकि अवधिको लागि योग्यता पुगेका संस्थाका सदस्यहरु मध्येबाट स्थानीय समितिले मनोनयन गर्नेछ\| ❖ | |
| ☞ दफा १६: कार्यसमितिको काम कर्तब्य र अधिकार<br>*क) यस बिधान बमोजिमको व्यवस्था पालना गरि साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने \|*<br>*ख) संस्थाको बार्षिक कार्यक्रम र बजेट साधारण सभामा प्रस्तुत गर्ने \|* | दफा १६: ❖ केन्द्रीय ❖ कार्यसमिति, ❖ प्रदेश समिति, तथा स्थानीय समितिको कर्तव्य र अधिकार:<br>१. केन्द्रीय कार्यसमितिको कर्तव्य र अधिकार:<br>क) कर्तब्य:<br>अ) संस्थाको दैनिक कार्य सञ्चालन गर्नेछ । | संघिय संरचना अनुसारको प्राबधान समायोजन गरिएको \| |

☞ हटईएको व्यवस्था



❖ थप गरिएको व्यवस्था

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | परिबर्तन गर्नुपर्ने कारण |
|---|---|---|
